नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, वैशाख २ गते २०५५ साल (अतिरिक्ताङ्क २

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा निजकै अध्यक्षतामा देहाय अनुसारको मन्त्रिपरिषद् गठन गरी कार्य विभाजनसमेत गरिबक्सेको छ ।

मन्त्रिपरिषद् गठन विधि	कार्य विभाजन
१. श्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री,	राजदरबारसम्बन्धी, रक्षा, गृह, परराष्ट्र, कृषि, स्थानीय विकास, निर्माण तथा यातायात, आपूर्ति, पर्यटन तथा नागरिक उड्डयन, सूचना तथा संचार, शिक्षा, उद्योग, युवा, खेलकूद तथा संस्कृति, स्वास्थ्य, महिला तथा समाज कल्याण, श्रम, सामान्य प्रशासन, संसदीय व्यवस्था, कानून तथा न्याय, जनसंख्या तथा वातावरण, आवास तथा भौतिक योजना, भूमिसुधार तथा व्यवस्था, वाणिज्य, विज्ञान तथा प्रविधि र वन तथा भू-संरक्षण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सुश्री शैलजा आचार्य उपप्रधानमन्त्री– जलस्रोत ।

३. डा. श्री रामशरण महत मन्त्री– अर्थ ।

मौसूफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रिपरिषद्-लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता, मुद्रण र अन्य त्रुटि सम्बन्धमा यस विभागमा लिएपछि मात्र लागु हुनेछ।